# सिमकोट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
सिमकोट, हुम्ला
कर्णाली प्रदेश, नेपाल

प.सं.-२०८३।०८३ (शिक्षा,युवा तथा खेलकुद शाखा)  मितिः २०८३।०४।२८

चलानी नं.- १३८  ने.सं.११४६,दिल्लागा,बिहिवार

विषयः दिवा खाजा सम्बन्धमा।

श्री सामुदायिक विद्यालयहरु सबै
सिमकोट गाउँपालिका,हुम्ला।

प्रस्तुत विषयमा यस सिमकोट पालिका अन्तर्गतका सामुदायिक विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरूको स्वास्थ्य, पोषण र शैक्षिक गुणस्तर सुधारका लागि सञ्चालित **"दिवा खाजा कार्यक्रम"** लाई चालु शैक्षिक सत्र २०८३ एवम् **आ.व.२०८३।०८४** मा विद्यार्थीहरुलाई दिवा खाजा विद्यालयमा उपलब्ध गराउनु हुन् अनुरोध छ । सोही सन्दर्भमा, विद्यालयहरूले दिवा खाजा सञ्चालन गर्दा देहायका सर्त तथा मापदण्डहरू पालना गर्नुहुन यो निर्देशन जारी गरिएको छः

* **लक्षित समूहः** प्रारम्भिक बाल विकास (ECED) देखि कक्षा ५ सम्मका सबै विद्यार्थीहरूलाई अनिवार्य खाजाको व्यवस्था गर्नुपर्नेछ।
* **खाजाको मेनुः** स्थानीय उत्पादनलाई प्राथमिकता दिँदै शिक्षा तथा खेलकुद मन्त्रालयले जारी गरेको पोषणयुक्त दिवा खाजा प्रारुप,२०८१ र दिवा खाजा मापदण्ड तथा कार्यक्रम सहजीकरण कार्यविधि,२०७६ ले तोकेको साप्ताहिक मेनु अनुसार पालैपालो पौष्टिक र ताजा खाजा खुवाउनुपर्नेछ। (जङ्क फूड/चाउचाउ प्रयोग गर्न पाइने छैन)।
* **सरसफाइः** खाजा पकाउने ठाउँ, भाँडाकुँडा र खाजा खुवाउने स्थान पूर्ण रूपमा स्वच्छ र सफा हुनुपर्नेछ।
* **अभिलेख व्यवस्थापनः** दैनिक विद्यार्थी उपस्थितिको आधारमा खाजा खुवाएको विवरण र खर्चको बिल भरपाई दुरुस्त राखी शिक्षा,युवा तथा खेलकुद शाखामा प्रत्येक त्रैमासिक प्रतिवेदन बुझाउनुपर्नेछ।
* **अनुगमनः** विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघले खाजाको गुणस्तरबारे नियमित अनुगमन गर्नुपर्नेछ।

**नोटः** दिवा खाजा विद्यालयमा विद्यार्थीहरुलाई उपलब्ध नगराउने विद्यालयलाई चालु आ.व.मा निकासा नहुने व्यहोरा जानकारी गरिन्छ।

२०८३/०४/२८

डम्मर बहादुर बुढा
प्रमुख प्रशासकीय अधिकृत